# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

*India's National Spiritual Newspaper*

₹ 10/-

ECHO OF HIS CALL SINCE 1969 — 1969 to 2029

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 SEPTEMBER | No. 09


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**भजनसंग्रह १०३:१-१०**

१. हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर्, ए मेरो सारा अन्तस्करण, उहाँको पवित्र नाउँको स्तुति गर्।

२. हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् र उहाँका सबै उपकारहरू नबिर्स

३. जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ र तेरा सबै रोगहरू निको पार्नुहुन्छ

४. जसले तेरो जीवनलाई मृत-लोकबाट मुक्त गर्नुहुन्छ र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ

५. जसले, तेरा इच्छाहरू उत्तम कुराले तृप्त गर्नुहुन्छ ताकि तेरो जवानी चीलको जस्तै फेरि नयाँ होस्।

६. थिचोमिचोमा परेकाहरू सबैका निम्ति परमप्रभुले धार्मिकता र न्यायको काम गर्नुहुन्छ।

७. उहाँले मोशालाई आफ्ना मार्ग र इस्राएलीहरूलाई आफ्ना काम प्रकट गर्नुभयो।

८. परमप्रभु दयालु र अनुग्रही, क्रोध गर्नमा ढिला र अति करुणामय हुनुहुन्छ।

९. उहाँले सधैं दोष लगाइरहनुहुन्न, उहाँले सधैंभरि क्रोध पनि लिइराख्नुहुन्न।

१०. उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न।

# सम्झनुपर्ने कुरा सम्झिरहनुहोस्

**REMEMBER TO REMEMBER!**


बहिनी जेसी बिना साम




अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून (एफिसी ४:११)।

हाम्रा सम्पूर्ण टाढा र फैलिएर रहनुभएका बोलावटको प्रतिध्वनि परिवार सदस्यहरूमा हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अचम्मको नाउँमा अभिवादन।

हाम्रो मासिक समाचारपत्रबाट तपाईं सबैसँग जोडिन पाउनु सधैं आनन्द र गर्वको अनुभव हुन्छ। यो समाचारपत्रले तपाईंलाई आशिषित बनाएको छ भने कृपया हामीलाई बिना हिचकिचाहट लेख्नहोला।

तपाईंका मूल्यवान सल्लाह र पृष्ठपोषणको निम्ति हामी कृतज्ञ हुनेथियौं।

शिक्षक दिवसको शुभकामना

हामीलाई सिकाउनुहुने र प्रभावित पार्नुहुनेलाई सम्झिरहौं।

सम्पूर्ण शिक्षकहरूलाई शिक्षक दिवसको शुभकामना, जसले अर्को पुस्ताको मन शिक्षित गर्न आफ्नो जीवन समर्पित गर्नुभएको छ।

**अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून** (एफिसी ४:११)।


बाँकी पृष्ठ ३ मा



**बोलावटको प्रतिध्वनि**

क्रीष्टियान यूट्यूब च्यानल



**हरेक दिन २ मिनेट सन्देश**

**पा. एस. साम सेल्भाराजबाट**

**अंग्रेजी, हिन्दी भाषामा: बिहान १ बजे**

**तामिल र तेलगू भाषामा: बिहान २ बजे**

**र**

**तामिल र अंग्रेजी भाषामा सन्देश र प्रार्थना**

**आइतबार बिहान ८:३० बजे र साँझ ६:०० बजे**

तपाईं आशिषित हुनुभएको छ भने कृपया सब्स्क्राइब गरिदिनुहोला। तपाईंले प्रेम र वास्ता गर्नुभएकासँग सेयर गरिदिनुहोला।

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Sis. Sajini Cherian
Rev. Dr. J. John Rajarathnam, B.E.S., B.D., M.Th.
Rev. Dr. K.R. Rajasekaran
Adv. N. Balaji, B.Com., M.L.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293
Cell : (+91) 98410 71852, 98412 71858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

**...म तिमीहरूको देशलाई निको पार्नेछु (२ इतिहास ७।१४) ।**

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईं हरेकलाई अभिवादन ।

परमेश्वरको प्रशस्त अनुग्रहद्वारा, १० अगस्तको दिन हाम्रो सेवकाइ ५८ औं वर्षमा प्रवेश गरेको छ । अगस्त ८, ९ र १० तारिखका दिन हाम्रो मण्डलीमा आयोजना भएको विशेष आत्मिक भेलामाथि परमप्रभुको प्रशस्त आशिष्को निम्ति हामी उहाँलाई प्रशंसा र धन्यवाद दिन्छौं । हामीसँग विश्वासयोग्य रूपमा खडा हुनुभएका र वर्षौंदेखि यो सेवकाइमा साझेदार हुनुभएभएका तपाईं हरेक जनाप्रति हामी गहिरो कृतज्ञता व्यक्त



गर्दछौं । तपाईंको प्रेम, प्रार्थना र निरन्तरको सहायताको निम्ति तपाईंमध्ये हरेकलाई प्रभुले प्रशस्त आशिष् देऊन् ।

नहेम्याह बाइबल कलेजकी दीक्षान्तित र अहिले चेन्नाइको इन्नोर क्षेत्रमा प्रभुको सेवा गरिरहेकी बहिनी जे. भिक्टोरिया आफ्नो छोरा जे. अन्बुराजलाई विद्यार्थीको रूपमा भर्ना गर्न कलेजमा जुलाइ ५ तारिखका दिन आउनुभएको थियो ।

यो बहुमूल्य पुनर्मिलनले हाम्रा हृदय कृतज्ञता, आनन्द र नवीकरण भएको उत्साहले भरिएको थियो । भूतपूर्व विद्यार्थीले प्रभुको सेवा गरिरहेको र अब सेवकाइको निम्ति अर्को पुस्तालाई तालिम दिन ल्याएको कुरा परमेश्वरको विश्वासयोग्यतामा अचम्मलाग्दो गवाही हो । तल बहिनी भिक्टोरियाको गवाहीको सारांश दिइएको छ ।

*परमेश्वरको अनुग्रहद्वारा शैक्षिक सत्र २०११-२०१२ को समयमा* बोलावटको प्रतिध्वनि सेवकाइको *अधीनमा भएको* नहेम्याह बाइबल कलेजमा *अध्ययन गर्ने अवसर मैले पाएकी थिएँ । पहिलो दिनबाटै बाइबल अध्ययन गरिने पुस्तक होइन तर पालन गर्नुपर्ने र दिनहुँ जिउने परमेश्वरको जीवित वचन हो । मैले प्राप्त गरेको तालिमले मलाई परमेश्वरको इच्छा पहिचान गर्न र उहाँमा विश्वासयोग्य आज्ञाकारीतामा हिँड्न सहायता गरेको थियो ।*

*संकायबाट दिइएको सही बाइबलीय शिक्षा र परमेश्वरीय सिद्धान्तहरू मेरो आत्मिक जीवन र सेवकाइको निम्ति बलियो जग बनेको थियो । ममा खन्याइएका मूल्य मान्यताहरू - प्रार्थना,*

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

*अनुशासन, नम्रता, इमानदारीता, समयमा उपस्थिति र सेवकाइको निम्ति स्पष्ट दर्शनले - आज पनि प्रभुको निम्ति मेरो सेवामा निरन्तर बलियो बनाएको र मार्गनिर्देशन गरेका छ ।*

*यो संस्थानले मेरो जीवनलाई आकार दिएको निम्ति म परमेश्वरलाई पूरा हृदयले धन्यवाद दिन्छु । म मेरो संकाय र प्रशासनप्रति अत्यन्तै कृतज्ञ छु, जसले मेरो तालिम अवधिभरि प्रेमिलो प्रकारले सिकाउनुभयो, मार्गनिर्देशन गर्नुभयो, उत्साह दिनुभयो र मेरो निम्ति प्रार्थना गरिदिनुभयो । मेरो प्रार्थना यही नै छ कि* **बोलावटको प्रतिध्वनि सेवकाइहरूले** *परमेश्वरको राज्यको निम्ति निरन्तर धेरैभन्दा धेरै जवान पुरुष र महिलालाई पृथ्वीमा नुन र संसारको ज्योति हुन तिनीहरूलाई हुर्काउँदै सुसज्जित गरोस् ।*

*बहिनी भिक्टोरिया*

हाम्रा सम्पूर्ण पाठकहरू र बोलावटको प्रतिध्वनि परिवारका हरेक सदस्यप्रति उहाँको निरन्तर प्रेम, विश्वासयोग्य प्रार्थना र उदार सहायताको निम्ति हामी हृदयदेखि धन्यवाद अभिव्यक्त गर्दछौं । तपाईंको साझेदारीले परमेश्वरको सेवाको निम्ति विश्वासीहरूलाई सुसज्जित गर्न र सुसमाचार निरन्तर घोषणा गर्न हामीलाई सक्षम बनाएको छ ।

तपाईं सबैसँग हाम्रो प्रभु येशू ख्रीष्टको प्रशस्त अनुग्रह, शान्ति र आशिष् तपाईंसँग भएको होस् ।

आमेन ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज,*

इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

म साँचो रूपमा विश्वास गर्दछु कि परमेश्वरले हामीलाई दिनुभएका अभिभावकहरू पहिलो शिक्षकहरू हुन् । हामीलाई जीवनको पहिलो पाठ सिकाउने र हाम्रा पहिलो कदमहरूमा निर्देशित गर्ने उहाँहरू नै हुनुहुन्छ ।



भारतमा शिक्षक दिवस भारतको दोस्रो राष्ट्रपति डा. सर्भेपाल्ली राधाकृष्णाननको जन्म वार्षिकीको सम्झनामा हरेक वर्ष ५ सेप्टेम्बरमा मनाइन्छ, जसले शिक्षकहरूलाई अत्यन्तै सम्मान दिनुभयो र भविष्यका पुस्ताहरूको मनलाई आकार दिन तिनीहरूका महत्वपूर्ण भूमिकालाई पहिचान गर्नुभएको थियो ।

हामीमध्ये कति जनाले अझै पनि हाम्रा स्कुलका शिक्षकहरू, बालसंगतिका शिक्षकहरू र बाइबल कलेजका शिक्षकहरूलाई सम्झेका छौं भनेर म अचम्ममा पर्छु । सबैभन्दा महत्वपूर्ण, के हामीले आफ्ना प्राथमिक स्कुलका शिक्षकहरूलाई सम्झन्छौं, जसले हामीलाई कलम कसरी समात्ने, हाम्रो पहिलो अक्षरहरू लेख्न र हाम्रो पहिलो अंक गन्न सिकाउनुभएको थियो ?

जसै समय बित्दै जान्छ, हामीले प्रायः भन्याइलाई बिर्सन्छौं, जसबाट हामीले चढेका थियौं, जहाँ आज हामी छौं ।

मेरी आमा, श्रीमति जेयासिली सेल्भान ३२ वर्षदेखि प्राथमिक स्कुल शिक्षक हुनुहुन्थ्यो । उहाँले हाम्रो क्षेत्रमा भएका बालबालिकाहरूका पुस्तालाई सम्पूर्ण शैक्षिक विषयहरू सिकाउनुभएको थियो । उहाँ हाम्रो बाल संगतिको शिक्षक पनि हुनुहुन्थ्यो, जसले हामीलाई हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको बारेमा परिचय गराउनुभएको थियो ।

उहाँ एक जना शिक्षाविद् मात्रै हुनुहुन्नथ्यो, उहाँ भाँडो हुनुहुन्थ्यो, जसबाट धेरै बालबालिकाहरूले सानै उमेरमा प्रभु येशू ख्रीष्टको बारेमा थाहा पाएका थिए, उहाँको दुवै बाहिरी शिक्षा र आत्मिक जीवनमा ।

उहाँ हाम्रो **बोलावटको प्रतिध्वनि** मुख्य मण्डलीमा पहिलो बालसंगतिको शिक्षक पनि हुनुहुन्थ्यो, जसबाट हाम्रा वर्तमान मण्डलीका अगुवाहरू र सहायक पास्टरहरूमध्ये धेरै जना हुर्कनुभएको थियो ।

उहाँको जीवनको लागि म परमेश्वरलाई धन्यवाद दिन्छु र हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टमा उहाँको अटल विश्वासलाई कृतज्ञताको साथमा सम्झन्छु ।

**सम्झनुपर्ने कुरा सम्झिरहनुहोस् ।**

बाइबलले हामीलाई बारम्बार सम्झन सिकाउँछ । परमप्रभुलाई सम्झनुहोस्, जसले हाम्रो निम्ति महान् कार्य गर्नुभएको छ ।

बिर्सने कुरा सधैं साधारण स्मृतिको असफलता होइन । बाइबलले यसलाई अझ धेरै गम्भीर रूपमा प्रस्तुत गर्दछ । कृतज्ञ हुनु अत्यन्तै महत्वपूर्ण हो किनभने पवित्रशास्त्रमा उल्लेख गरिएको सबैभन्दा डरलाग्दो पापमध्ये एउटा बिर्सने पाप पनि हो ।

हामीले पापको बारेमा प्रायः सोच्दा केही निश्चित कुरा भनेर सोच्छौं - विद्रोह, रिस, बेइमानी,





# अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

अनैतिकता वा घमण्ड । तर बाइबलले हामीलाई हृदयको धूर्तताको अवस्थाको बारेमा पनि चेतावनी दिन्छ ।

*परमेश्वरको वचनले हामीलाई चेतावनी दिन्छ र सम्झाउँछ*

- व्यवस्था ६:१२: **तब होसियार गर... परमेश्वरलाई नभुल्नू ।**
- व्यवस्था ८:२: **...यी चालीस वर्षभरिको उजाड-स्थानको यात्रामा परमप्रभु तिमीहरूका परमेश्वरले कसरी तिमीहरूलाई डोऱ्याउनुभयो, सो स्मरण गर ।**
- भजनसंग्रह १०३:२: **हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् र उहाँका सबै उपकारहरू नबिर्स ।**
- १ इतिहास १६:१२: **उहाँले गर्नुभएका अचम्मका कामहरू स्मरण गर, उहाँका आश्चर्यकर्म र उहाँले सुनाउनुभएका फैसलाहरू स्मरण गर ।**
- भजनसंग्रह ७७:११-१२: **परमप्रभुका कार्यहरूको म स्मरण गर्नेछु, निश्चय नै तादिका तपाईंका आश्चर्यकर्महरू म सम्झनेछु । म तपाईंका सबै कामहरूमाथि मनन गर्नेछु र तपाईंका सबै शक्तिशाली कार्यहरूमाथि चिन्तन गर्नेछु ।**

बाइबलमा बिर्सने कुरा केवल स्मृतिको असफलता मात्रै होइन, त्यो कृतज्ञताको असफलता बन्न सक्छ ।

जब कुनै व्यक्तिले आशिष्‌मा आनन्द गर्छ तर आशिषको स्रोतलाई बेवास्ता गर्छ । जब कसैले दया प्राप्त गर्छ तर तिनीहरूमाथि देखाइएको दयालाई स्वीकार गर्न असफल हुन्छ । जब मानिसहरूले आज तिनीहरू भएको स्थानको बारेमा आनन्द गर्छन्, जबकि तिनीहरूलाई त्यहाँसम्म ल्याउन सहायता गर्ने मानिसहरूको बलिदान, प्रार्थना र विश्वासयोग्यता बिर्सिरहेका छन् ।

बाइबलभरि नै हामीले त्यस्ता मानिसहरू पाउँछौं, जसले अरूका भलाइबाट आशिष् पाएका थिए, तापनि सम्झन असफल भएका थिए । तिनीहरूका

कथाहरू तिनीहरूलाई आलोचना गर्न अभिलेख भएका होइनन्, ती हाम्रो निम्ति चेतावनीको रूपमा लेखिएका हुन् ।

हामीले आफैंलाई सोध्नुपर्ने प्रश्न यही हो:

हामीलाई आशिष् दिन परमेश्वरले प्रयोग गर्नुभएका मानिसहरूलाई बिर्सेर के हामीले परमेश्वरको आशिष्‌मा आनन्द गरेका छौं ?

## १. बिर्सिएको निगाह: योसेफ र मुख्य पियाउने

### उत्पत्ति ४०-४१

योसेफको यात्रा इन्कार र निरासाले भरिएको थियो । तिनका आफ्नै दाइहरूले तिनलाई धोका दिए, दासत्वमा तिनलाई बेचिदिए र आफ्नो परिवारको आनन्दबाट तिनलाई अलग गराइदिए । तापनि मिश्रमा परमेश्वर योसेफसँग रहनुभयो ।

पोतीफरको पत्नीको झुटो आरोपपछि योसेफलाई कैदमा हालिएको थियो । त्यहाँ पनि परमेश्वरले तिनलाई निगाह दिनुभयो र सपनाको अर्थ खोलिदिने तिनको वरदानलाई प्रयोग गर्नुभयो ।

एक दिन, फारोको मुख्य पियाउने र मुख्य पकाउने व्यक्ति योसेफसँगै कैद गरिएका थिए । दुवै जनाले समस्या दिने सपना देखे र परमेश्वरले दिनुभएको बुद्धिद्वारा योसेफले त्यसको अर्थ बताइदिए । तिनले खोलेका अर्थ हुन आयो र मुख्य पियाउनेलाई फारोको दरबारमा तिनको स्थानमा पुनर्स्थापित गरियो ।

मुख्य पियाउने व्यक्ति बाहिरिने तयारी गर्दैगर्दा योसेफले साधारण आग्रह गरे:

**...जब तपाईंको भलो हुनेछ, तब मलाई पनि सम्झनुहोला र कृपा गरी फारोसँग मेरो विषयमा कुरा उठाएर...** (उत्पत्ति ४०:१४) ।

योसेफले इनाम मागेका थिएनन् । तिनले केवल सम्झिदिन मात्रै भनेका थिए ।

*तर बाइबलले पीडादायी वास्तविकता अभिलेख गर्दछ:*

**तापनि मुख्य पियाउनेले योसेफलाई सम्झेनन् तर तिनलाई बिर्सिहाले** (उत्पत्ति ४०:२३) ।

मुख्य पियाउने आराममा फर्किए जबकि योसेफ कैदमा नै रहे । आशा प्राप्त गरेको मानिसले अर्को मानिसलाई बिर्सिएको थियो, जसबाट परमेश्वरले तिनलाई आशा दिनुभएको थियो ।

कहिलेकाहीं, मानिसहरूले आफूलाई देखाइएको दया बिर्सन्छन् किनभने तिनीहरू आफ्नो आशिष्‌मा रुमल्लिरहेका हुन्छन् । मुख्य पियाउने कैदमा थिएन र सायद उसको विगतको पीडा तुरुन्तै हरायो । योसेफको कष्टभन्दा उसको आफ्नो स्वतन्त्रता उसलाई धेरै महत्वपूर्ण बनेको थियो ।

तर मानिसको बिर्सने कुराले कहिल्यै पनि परमेश्वरको विश्वासयोग्यतालाई रद्द गर्दैन ।

दुई वर्षसम्म यो मानिसले योसेफलाई बिर्सियो तर तिनलाई परमेश्वरले कहिल्यै बिर्सनुभएको थिएन । आमेन ।

तोकिएको समयमा परमेश्वरले ढोका खोल्नुभयो, जुन कुनै मानिसले बन्द गर्न सकेन । एकै दिनमा योसेफल कैदबाट दरबारमा सारिए ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, मानिसहरूले हामीलाई सम्झिएका वा हामीले गरेका कुरालाई स्वीकार गरेका वा नगरेका हुनाले हामीले आफ्नो योग्यता नाप्नुहुन्न भनेर यो कथाले हामीलाई सम्झना दिलाउँछ । हाम्रो इनाम मानिसको कृतज्ञताबाट मात्रै आउँदैन । परमेश्वरले हरेक दया, हरेक बलिदान र विश्वासयोग्यताको हरेक क्षणलाई देख्नुहुन्छ ।

*उत्साहित हुनुहोस्:*

*...गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ* (मत्ती ६:६) ।

*तर यो कथाले हामीलाई चुनौति पनि दिन्छ*

- मार्गमा हामीलाई सहायता गर्ने को हुन्, जसलाई हामीले बिर्सेका छौं ?
- जब हामी संघर्ष गरिरहेका थियौं, हाम्रो निम्ति कसले प्रार्थना गरेका थिए ?
- जब हामीले हरेस खाएका थियौं, हामीलाई कसले उत्साह दिएको थियो ?

हाम्रा आशिष्‌लाई सम्झने तर हाम्रो बोझहरू बोक्न हामीलाई सहायता गर्ने मानिस हामी कहिल्यै नबनौं ।

## २. बिर्सिएको पिता: योआश र यहोयादा

### २ इतिहास २४

राजा योआशको कथा बिर्सिएको विश्वासयोग्यताको दुःखदायी उदाहरणमध्ये एउटा हो ।

योआश यहूदाको राजा बन्दा तिनी केवल सात वर्षका थिए । उसको धैर्यता आश्चर्यकर्म थियो । जब उसको हजुरआमा अथालियाले शाही

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः सेप्टेम्वर १९ देखि अक्टोबर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

सेप्टेम्वर १९: हाम्रा मिसन कर्मचारीहरूका अचम्मको समर्पणता र विश्वासयोग्य सेवाको निम्ति ।

सेप्टेम्वर २०: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्ग साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू, आग्रह गर्ने साझेदारहरू र उहाँका परिवारहरूमाथि उहाँको प्रशस्त कृपाको निम्ति ।

सेप्टेम्वर २१: हाम्रो मुख्य मण्डलीमा नयाँ विश्वासीहरू आउनुभएको निम्ति ।

सेप्टेम्वर २२: दुवै मुख्य मण्डली र हाम्रा शाखा मण्डलीहरूमा हाम्रो आइतवारको आराधना सेवाहरूबाट परमेश्वरको वचनको शक्तिको सेवाको निम्ति ।

सेप्टेम्वर २३: हाम्रो सुसमाचारीय छापाखानाको निरन्तर संचालन र यसका प्रभावकारी कर्मचारीहरूका समर्पित सेवाको निम्ति ।

सेप्टेम्वर २४: हाम्रो **बोलावटको प्रतिध्वनि** यूट्यूब मिडिया सेवकाइको दुई मिनेट सन्देशबाट रूपान्तरण भएका जीवनका गवाहीहरूको निम्ति ।

सेप्टेम्वर २५: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र हाम्रो बाइबल पत्राचार कोर्समाथि** उहाँको आशिष्को निम्ति ।

सेप्टेम्वर २६: समर्पित सहसम्पादकहरूका साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभएको निम्ति, जसले **बोलावटको प्रतिध्वनि** पत्रिका सेवकाइमा विश्वासयोग्यतापूर्वक सहायताको निम्ति ।

सेप्टेम्वर २७: हाम्रा विभिन्न सेवकाइहरूबाटठ सुसमाचार प्रचार गर्ने हाम्रो सिनियर पास्टर र उहाँको निरन्तर समर्पणताको निम्ति ।

सेप्टेम्वर २८: हाम्रा सिनियर पास्टर, पास्टर साम सेल्भाराज र उहाँको परिवारलाई ईश्वरीय सुरक्षा, सुस्वास्थ्य र शक्तिको साथमा आशिष्को निम्ति ।

सेप्टेम्वर २९: **नहेम्याह बाइबल कलेज** दीक्षान्त समारोह भव्य र आशिषित तरिकामा संचालन गर्न हामीलाई सुसज्जित गर्नुभएको निम्ति ।

सेप्टेम्वर ३०: हाम्रो सेवकाइका सवारीसाधनहरूलाई सुरक्षा र हाम्रा चालकहरूमाथि सुरक्षा प्रदान गर्नुभएको निम्ति ।

अक्टोवर १: हाम्रो अस्पताल सेवकाइबाट भएका आश्चर्यकर्मको निम्ति ।

अक्टोवर २: हाम्रो मुख्य मण्डलीमा दिदीबहिनी संगतिमा आशिष्को निम्ति ।

अक्टोवर ३: हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमा** आशिष्को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

अक्टोवर ४: हाम्रो **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति ।

अक्टोवर ५: सम्पूर्ण देशहरूमाथि परमेश्वरको सुरक्षाको निम्ति, विशेष गरी विश्वव्यापी द्वन्द्व र लडाईंको भयको बीचमा । संसारभरि शान्ति, स्थिरता र अमनचैनको निम्ति प्रार्थना गर्नुहोला ।

अक्टोवर ६: विश्वव्यापी आर्थिकमन्दी अन्त्य भई यसबाट कष्टित भएकाहरूका बीचमा राहत र आशा आएको होस् ।

अक्टोवर ७: संसारभरि भएका मानिसहरूको आधारभूत आवश्यकतामा परमेश्वरको उपलब्धताको निम्ति ।

अक्टोवर ८: परमेश्वरको प्रशस्तताअनुसार हाम्रो सेवकाइको आर्थिक आवश्यकता पूरा भएको होस् ।

अक्टोवर ९: संचालन र विकासको हरेक पक्षमा सबै देशहरूका बीचमा एकता, शान्ति, बौद्धिकता र प्रगति भएको होस् ।

अक्टोवर १०: सुसमाचारको साथमा धेरै मानिसहरूका बीचमा हामीलाई पुग्न सहायता गर्दै हाम्रा सम्पूर्ण सेवकाहरूको निरन्तर वृद्धि र विस्तारको निम्ति ।

अक्टोवर ११: सबै देशहरूका निम्ति बलियो सीमा सुरक्षा र धार्मिकता, प्रभावकारी संचालनको निम्ति ।

अक्टोवर १२: सम्पूर्ण स्कुलका बालबालिकाहरूमाथि परमेश्वरको ईश्वरीय सुरक्षाको निम्ति ।

अक्टोवर १३: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

अक्टोवर १४: हामीले पृथ्वीमा उहाँको राज्य विस्तारको निम्ति परिश्रम गर्दा परमेश्वरले हामीलाई ठूलो दर्शन, बौद्धिकता र मार्गदर्शन देऊन् ।

अक्टोवर १५: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई हरेक दुष्ट शक्ति र खतराबाट सुरक्षा, सुस्वास्थ्य र ईश्वरीय सुरक्षाको निम्ति ।

अक्टोवर १६: संसारभरि रहेका कैदीहरूको मुक्तिको निम्ति ।

अक्टोवर १७: हाम्रो देशका जवान युवायुवतीहरू परमेश्वरको वचनअनुसार जिउने र परमेश्वरसँगै हिँड्ने होऊन् ।

अक्टोवर १८: परमेश्वरले धेरै प्रार्थनाका योद्धा दिनुभएको होस्, जसले हरेक देशमा जागृतिको निम्ति विश्वासयोग्य रूपमा अन्तरबिन्ती गरून् ।

पृष्ठ ४ बाट

परिवारलाई नष्ट गर्ने कोसिस गरेकी थिइन्, योआशलाई बचाइएको थियो र मन्दिरमा लुकाइएको थियो ।

तिनलाई बचाउने मानिस पूजाहारी यहोयादा थिए ।

योआशको जीवन बचाउने यहोयादाले धेरै कुरा गरेका थिए । तिनले उसलाई मार्गनिर्देश गरका, परमेश्वरका मार्गको बारेमा सिकाए र यहूदामा साँचो आराधना पुनर्स्थापना गर्न सहायता गरेका थिए । यहोयादाको नेतृत्वमा, योआशले परमेश्वरको दृष्टमा जे कुरा असल थियो, त्यो उनले गरेका थिए ।

धेरै वर्षसम्म योआशले परमेश्वरको यो विश्वासयोग्य सेवकको बुद्धि र आत्मिक निर्देशनबाट लाभ लिए । तर यहोयादा बितेपछि हरेक थोक परिवर्तन भयो ।

योआशले परमेश्वरलाई मन नपर्ने सल्लाहकारको कुरा सुने र परमेश्वरबाट फर्किए । तिनले परमेश्वरलाई त्यागे, जसलाई पछ्याउन यहोयादाले तिनलाई सिकाका थिए ।

***बाइबलले भन्छ:***

**राजा योआशले जकरियाका पिता यहोयादाको राजभक्तिलाई सम्झेनन्** (२ इतिहास २४:२२) ।

- तिनको जीवन जोगाउने मानिसलाई बिर्सिएका थिए ।
- तिनलाई मार्गनिर्देशन दिने व्यक्तिलाई बिर्सिएका थिए ।
- तिनीमाथि लगानी गर्ने आत्मिक पितालाई बिर्सिएका थिए ।

हामी सबैको निम्ति यो चेतावनी हो ।

आज जहाँ धेरै मानिसहरू खडा भएका छन् किनभने कसैले तिनीहरूमाथि लगानी गरेका थिए ।

अभिभावकले प्रार्थना गरे ।

पास्टरले सिकाउनुभयो ।

मित्रले उत्साह दिए ।

मेन्टोरले बलिदानी दिए ।

तर सफलताले आत्मिक स्मृति गुमाउने कुरा सृजना गर्न सक्छ । जब मानिसहरू प्रभावको अवस्थामा पुग्छन्, तिनीहरूलाई उठ्न सहायता गर्ने मानिसहरूलाई तिनीहरूले बिर्सन सक्छन् ।

कोही पनि एक्लै वृद्धि हुँदैन भन्ने कुरा हामीले सम्झनुपर्छ ।

कृतज्ञ भएको विश्वासले मानिसलाई सम्मान गर्छ, जसलाई उसको यात्रामा परमेश्वरले प्रयोग गर्नुभएको छ ।

## ३. बिर्सिएको विश्वासयोग्यता: नाबाल र दाऊद

### १ शमूएल २५

नाबाल धनी मानिस थिए, जसको हजारौं भेडाहरू र बाख्राहरू थिए । तिनीसित सम्पत्ति, स्रोतहरू र सुरक्षा थियो ।

तर तिनको सफलताको पछाडि नदेखिएको आशिष् थियो: सुरक्षा ।

जब दाऊद र तिनका मानिसहरू उजाड-स्थानमा थिए, तिनीहरूले नाबालका गोठालाहरू र बगाललाई जोगाएका थिए । तिनको सम्पत्तिको वरिपरि तिनीहरू सुरक्षाका पर्खालजस्ता थिए । तिनीहरूले नाबालको फाइदा उठाएनन् वा उसको केही थोक चोरेनन् ।

जब भेडाको ऊन कत्रने पर्वको समय आयो, दाऊदले नम्रतापूर्वक केही थाके दिन आग्रहको साथमा आफ्ना सेवकहरूलाई पठाए ।

नाबालले कृतज्ञता देखाउनुको साटो तिनले घमण्डको साथमा प्रतिक्रिया दिए । तिनले दाऊदको पहिचानमाथि प्रश्न गरे र दाऊद र तिनका मानिसले दिएका सेवालाई इन्कार गरे ।

नाबालले सुरक्षामा आनन्द गरे तर सुरक्षाकर्मीलाई बिर्सिए ।

तिनले दाऊदको विश्वासयोग्यताबाट लाभ लिए तर त्यसलाई स्वीकार गर्न इनकार गरे । यो सामान्य मानिसको क्षमता हो । हामीले प्राय: मानिसहरूले के गर्न असफल भएका छन् भनेर ध्यान दिन्छौं, जबकि तिनीहरूले पहिले नै के गरेका छन् भन्ने कुरामा बेवास्ता गर्छन् । हामी कसैको दयासँग परिचित बन्छौं र त्यसको आशा गर्न सुरु गर्छौं । हामीलाई एक पटक अचम्ममा पार्ने कुरा सामान्य बन्छ ।

परिवारहरूले यो अनुभव गर्न सक्छ ।

मण्डलीहरूले यो अनुभव गर्न सक्छ ।

मित्रताले यो अनुभव गर्न सक्छ ।

- एउटा पतिले आफ्नी पत्नीको बलिदानहरू बिर्सन सक्छ र एउटी पत्नीले आफ्नो पतिको बलिदानहरू बिर्सन सक्छे ।
- छोराछोरीले आफ्ना अभिभावकहरूका बलिदानहरू बिर्सन सक्छन् ।
- विश्वासीहरूले ती मानिसहरूका प्रार्थना र उत्साह बिर्सन सक्छन्, जो तिनीहरूका साथमा उभिएका थिए ।

कृतज्ञतालाई अभिप्रायसहितको सम्झना आवश्यक हुन्छ ।

हामी जो बनेका छौं र आज हामी जहाँ पुगेका छौं, हामीलाई सहायता गर्नेहरूलाई सम्झन परमेश्वरले हामीलाई सहायता गरुन् ।

नहेम्याह सांझको बाइबल कलेज
भर्नाको लागि छिटो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time)
Hindi (Part Time)
योग्यता: दश कक्षा र सोभन्दा माथि
विगत ५७ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## ४. बिर्सिएको स्वतन्त्रताः गिदोन र इस्राएल

न्यायकर्ता ८

गिदोनको कथा भयको साथमा सुरु भएको थियो । जब परमेश्वरले तिनलाई बोलाउनुभयो, तिनी लुकिरहेका थिए । तिनले आफैंलाई कमजोर र महत्वहीन भनी देखेका थिए तर परमेश्वरले तिनलाई शक्तिशाली योद्धाको रूपमा देख्नुभयो ।

**तब परमप्रभुका दूतले गिदोनकहाँ देखा परेर तिनलाई भने, तँ वीर मानिस होस् र परमप्रभु तँसँग हुनुहुन्छ** (न्यायकर्ता ६:१२) ।

गिदोनको आज्ञाकारीताद्वारा परमेश्वरले इस्राएललाई मिद्यानीहरूबाट छुटकारा दिनुभयो । केवल ३०० जना मानिसहरूका साथमा गिदोनले बाइबलमा अभिलेख गरिएका ठूलो विजयमध्ये एउटा महसुस गरे ।

देशले शान्तिमा आनन्द गरेको थियो किनभने परमेश्वरले गिदोनद्वारा भएर काम गर्नुभएको थियो ।

तर गिदोनको मृत्युपछि, इस्राएलले तुरुन्तै बिर्सेको थियो ।

*बाइबलले भन्दछः*

**तिनीहरूले चारैतिरका तिनीहरूका शत्रुहरूका हातबाट छुटाउनुहुने परमप्रभु आफ्ना परमेश्वरलाई बिर्से** (न्यायकर्ता ८:३४) ।

तिनीहरू गिदोनको परिवारलाई दया देखाउन असफल भए ।

मानिसहरूले विजय सम्झे तर गिदोनद्वारा तिनीहरूलाई परमेश्वरले दिनुभएको छुटकारा बिर्से ।

यो कुरा हामी सबैको निम्ति खतरनाक छ । हामीले यात्रा बिर्सिएर त्यसको परिणाममा आनन्द गर्न सक्छौं । हामीलाई प्रार्थनाको जवाफ दिनुहुनेलाई बिर्सेर प्रार्थनाको जवाफमा हामीले आनन्द गर्न सक्छौं ।

इस्राएलको सबैभन्दा ठूलो समस्या आशिषको कमी थिएन । तिनीहरूका समस्या यही थियो कि तिनीहरूले ती आशिषको स्रोत बिर्सेका थिए ।

हरेक आशिषले हामीलाई परमेश्वरको नजिक ल्याउनुपर्छ, उहाँबाट टाढा लेजाने होइन ।

दुर्भाग्यवश, योचाहिं वर्तमान संसारको सबैभन्दा ठूला चुनौतिहरूमध्ये एउटा हो । हामीले आशिषको निम्ति परमेश्वरलाई भन्छौं तर कहिलेकाहीं हामीले प्राप्त गरेको आशिषले हामीलाई उहाँको नजिक लेजानुको साटो उहाँबाट टाढा लेजान सुरु गर्छ ।

## ५. बिर्सिएको चङ्गाइकर्ताः दश कुष्ठरोगीहरू र हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्ट

लूका १७

सायद बिर्सने कुराको सबैभन्दा शक्तिशाली तस्वीरमध्ये एक दश कुष्ठरोगीको कथामा पाइन्छ ।

कुष्ठरोग विनाशकारी रोग थियो । यसबाट ग्रसित मानिसह समाजबाट अलग हुनुपर्थ्यो, सामान्य जीवन जिउन नसक्ने र प्रायः त्यागिएको रूपमा व्यवहार गरिन्थ्यो ।

*दश कुष्ठरोगीहरूले येशूलाई देखे र पुकारा गरेः*

... **येशू, स्वामी, हामीमाथि कृपा गर्नुहोस्** (लूका १७:१३) ।

येशू ख्रीष्टले करुणा देखाउनुभयो र ती सबैलाई निको पार्नुभयो ।

- दश जनाको जीवन रूपान्तरण भएको थियो ।
- दश जना मानिसले दोस्रो अवसर प्राप्त गरेका थिए ।
- दश जना मानिसले परमेश्वरको शक्ति अनुभव गरेका थिए ।
- तर एक जना मात्रै फर्किए ।

*येशू ख्रीष्टले सोध्नुभयोः*

...**के निको भएका दश जना होइनन् र ? अरू नौ जना कहाँ छन्** ? (लूका १७:१७) ।

नौ जनाले आश्चर्यकर्म प्राप्त गरे तर आश्चर्यकर्म गर्ने व्यक्तिलाई बिर्से ।

तिनीहरूले चङ्गाइ प्राप्त गरे तर धन्यवादज्ञापन र आराधनाको साथमा फर्कन असफल भए । तिनीहरूको ठूलो नोक्सानी भौतिक थिएन - त्यो आत्मिक थियो । येशू ख्रीष्टले तिनीहरूका निम्ति गर्नुभएका कामको निम्ति तिनीहरूले उहाँलाई चिन्ने र सम्मान गर्ने अवसर गुमाएका थिए ।

हामी पनि प्रायः त्यस्तै कति गर्छौं ?

जब हामीलाई सहायताको आवश्यकता हुन्छ, हामीले पुकारा गर्छौं । जब हामीले कठिनाइहरूको सामना गर्छौं, हामीले परमेश्वरको खोजी गर्छौं । हामीले उपलब्धता, चङ्गाइ, दिशा र जागृतिको निम्ति प्रार्थना गर्छौं ।

तर जब जवाफ आउँछ, के हामी धन्यवादज्ञापनको साथमा फर्कन्छौं ?

परमेश्वरलाई हाम्रो कृतज्ञताको आवश्कयता छैन तर हामीलाई कृतज्ञताको आवश्यकता छ किनभने त्यसले हाम्रो हृदय उहाँमा जोडिराख्छ र हरेक आशिष्को स्रोतको बारेमा हामीलाई सम्झना दिलाउँछ ।

बाँकी पृष्ठ ९ मा

**निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर**

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

**कर छुट**

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरुमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कूलको इतिहास

*...उसले छर्छ र गरिबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ ।*

*छर्नेलाई बिउ र खानलाई भोजन दिनुहुनेले तिमीहरूलाई बिउ दिनुहुनेछ र त्यसमा वृद्धि गराउनुहुनेछ अनि तिमीहरूका धार्मिकताको फसल बढाउनुहुनेछ* (२ कोरन्थी ९:१०) ।

करिब अठ्ठाइस वर्षअघि, अहिले हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** स्थापना भएको गाउँमा मैले धेरै गरिब बच्चाहरू लक्ष्यहीन भएर भौँतारिरेको देखें । तीमध्ये धेरै बालबालिका चरम गरिबीको कारण विद्यालयमा जान असक्षम भएका थिए ।

त्यो समयावधिमा हामीले **बाइबलकोर** संचालन गर्थ्यौं - दुवै अंग्रेजी र तामिल भाषामा भएको **तपाईंको निम्ति नयाँ जीवन**, हाम्रो बाइबल पत्राचार कोर्सबाट पाठहरू प्रयोग गर्दै बाइबल अध्ययन समूहमा **छोटो समयको बाइबल पत्राचार प्रमाणपत्र कोर्स** । हरेक समूहमा करिब एक सय जना आवश्यकतामा परेका बालबालिकाहरू थिए र विभिन्न स्थानमा यस्ता धेरै समूहहरू थिए । तिनीहरूको सहभागितालाई उत्साह दिनको लागि हामीले खाजा पनि उपलब्ध गराउँथ्यौं । बिस्तारै, बालकालिकाहरूले साधारण अंग्रेजी शब्दहरू र ख्रीष्टियान गीतहरू सिक्न सुरु गरे । जब तिनीहरूले यी गीतहरू आफ्नो घरमा गाउन थाले, तिनीहरूले आफ्ना अभिभावकहरूमा ठूलो आनन्द ल्याए ।



त्यो समयमा, यी गरिब बालबालिकाहरूका निम्ति परमप्रभुले मेरो हृदयमा त्यो गाउँमा अंग्रेजी माध्यमको स्कुल स्थापना गर्ने बोझ दिनुभयो ।

*किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ* (फिलिप्पी २:१३) ।

परमप्रभुले यो दर्शन मेरो प्रिय मित्रहरूमध्ये एक साम दानिएलबाट निश्चित गर्नुभयो र यसरी **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** स्थापना भएको थियो ।

सुरुवातका वर्षहरू धेरै चुनौतीहरूले भरिएका थिए । मैले एक्लैले ठूलो आर्थिक कठिनाइ सामना गर्नुपरेको थियो । तापनि, धेरै अभिभावकहरूले आफ्ना छोराछोरी हाम्रो स्कुलमा गहन इच्छाअनुसार भर्ना गरेका थिए, जसकारण शिक्षण गर्ने कर्मचारीको मासिक तलब भुक्तानी गर्न निरन्तर चुनौती बनेको थियो ।

तापनि, जब मैले अंग्रेजीमा भजनहरू आनन्दपूर्वक गाइरहेको र यी गरिब बालबालिकाहरूले मुस्कारको साथमा अंग्रेजीमा मलाई अभिवादन गरिरहेको देख्थें, तब मैले आफैंमा शक्ति नवीकरण भएको पाउँथें र हरेक कठिनाइ भए पनि यो सेवकाइलाई निरन्तरता दिन दृढनिश्चय गर्थें ।

मेरी पत्नी र मैले सम्भव भएसम्म आफ्नो व्यक्तिगत खर्च कम गर्थ्यौं ताकि हामीले शैक्षिक सहायता कार्यक्रमबाट आवश्यकतामा परेका बालबालिकाको शिक्षाको लागि छात्रवृत्ति दिन सकौं । स्कुलको भवनहरू निर्माण गर्न दुई जना उदारचित्तका दाजुभाइले सहायता गुर्नभए पनि स्कुलको दिनहुँको संचालनमा सहायता गर्न कोही पनि अघि आउनुभएन । परिणामस्वरूप, धेरै अवसरहरूमा हामीले आफ्ना व्यक्तिगत सामानहरू बेच्न बाध्य भएका थियौं र शिक्षकहरू र कर्मचारीहरूको तलब दिन हाम्रा गरगहनाहरू पनि बेच्नुपरेको थियो ।



केही वर्षअघि, अस्पतालमा भर्ना हुनुभएको एक जना साथीलाई भेट्ने मैले अवसर पाएको थिएं । तापनि, भेट गर्ने निश्चित समयभन्दा पछि म त्यहाँ पुगेको थिएं, त्यसैले अलिक हिचकिचाहटको साथमा म अस्पतालभित्र हिंड्न थालें ।



जसै म करिडोरबाट हिंड्दै थिएं, मुख्य डाक्टरको साथमा केही डाक्टरहरू अर्को दिशाबाट आउनुभएको थियो । मैले यस कुरालाई महसुस गर्नुभन्दा अघि नै म इन्टेन्सिभ केयर युनिट (आइसीयू) नजिकै तिनीहरूको बाटामा म उभिएको पाएँ । मैले शर्म महसुस गरें र तुरुन्तै त्यो ठाउँलाई खाली गर्दै कुनातिर सरें र भने, मलाई माफ गर्नुहोस् ।

मलाई आश्चर्यमा पार्दै डाक्टरहरूमध्ये एक जना मतिर हतारिएर आए, मेरो अघि घुँडा टेके, मेरो गोडा समाते र रुन सुरु गरे ।

तिनले भने,

सर, म अशिक्षित र गरिब परिवारबाट आएको हुँ । मैले आफ्नो अध्ययनमा धेरै संघर्ष गरेको थिएं । तापनि तपाईंले मलाई **सेन्ट पावलस् मेट्रिकुलेसन**

स्कुलमा भर्ना गर्नुभयो । तपाईंले मलाई निःशुल्क शिक्षा, स्कुलको लुगा, खाजा र मलाई आवश्यक भएको हरेक थोक उपलब्ध गर्नुभयो । मैले स्कुलको शुल्क तिरिनँ तर तपाईंको करुणाको कारण मैले आफ्नो स्कुलको




अध्ययन पूरा गर्न सक्षम भएको थिएँ । त्यसपछि, मैले मेडिकल अध्ययनलाई पछ्याएँ र आज, परमेश्वरको अनुग्रहद्वारा म मेडिकल डाक्टर भएको छु । मेरो स्कुलको दिनमा मैले प्राप्त गरेका आत्मिक जगले निरन्तर मेरो जीवनलाई मार्गनिर्देश गरेको छ र अहिले म आफ्ना सहकर्मी डाक्टरहरूसँग सुसमाचार प्रचार गर्छु ।

त्यहाँ भएका हरेक जना अचम्ममा परेका थिए । त्यो जवान मानिसको जीवनमा परमेश्वरले पूरा गर्नुभएको अचम्मको कामको गवाही बन्दै हामी अचम्ममा परेका थियौं । डाक्टरहरूले मलाई ठूलो आदरको साथमा व्यवहार गरे तर सम्पूर्ण महिमा परमेश्वरको हो ।

हाम्रा स्कुलबाट यस्ता थुप्रै गवाहीहरू छन् । सर्वशक्तिमान परमप्रभुमा भएका निरन्तरको विश्वासद्वारा मात्रै हामीले यो सेवकाइ निरन्तर गर्न सकेका छौं ।

आज **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** ५०० भन्दा धेरै विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । हाम्रो ठाउँमा सम्पूर्ण स्कुलहरूमध्ये हाम्रो स्कुलले राम्रो विद्यालयको अवार्ड प्राप्त गर्न छानिएको थियो, जुन २४ डिसेम्बर २००८ मा खानाको निम्ति पूर्वमन्त्रीको उपस्थितिमा पूर्व शिक्षा मन्त्रीले प्रदान गर्नुभएको थियो ।

हाम्रो प्रार्थना यही नै छ कि गरिबी र निरासाको गहिराइबाट आशा, उद्देश्य र आशिषको जीवनमा बालबालिकाहरूलाई लैजाँदै यो सेवकाइबाट धेरैभन्दा धेरै जीवन परमेश्वरले रूपान्तर गर्नुहुनेछ ।

*किनभने म भोकाएको थिएँ तिमीहरूले मलाई खान दियौ । म तिर्खाएको थिएँ तिमीहरूले मलाई पिउन दियौ । म परदेशी थिएँ तिमीहरूले मलाई आश्रय दियौ । नाङ्गो थिएँ तिमीहरूले मलाई वस्त्र लगाइदियौ... तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं ? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं ? कहिले हामीले तपाईंलाई परदेशी देख्यौं र तपाईंलाई आश्रय दियौं ? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं ?*

*तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ (मत्ती २५:३५-४०) ।*

******************

पृष्ठ ७ बाट

## सम्झने हृदय

***बाइबलले बारम्बार परमेश्वरका मानिसहरूलाई सम्झन बोलावट दिन्छ***

- उहाँको विश्वासयोग्यता सम्झन ।
- उहाँको प्रतिज्ञाहरू सम्झन ।
- उहाँको भलाइ सम्झन ।
- हाम्रो जीवनमा उहाँले राख्नुभएकाहरूलाई सम्झन ।
- सबैभन्दा माथि, हामीलाई आशिष् दिनुहुने र कायम राख्ने परमप्रभुलाई सम्झन ।

बिर्सने कुराले घमण्डतिर लैजान्छ, सम्झने कुराले आराधनातिर लैजान्छ ।

मुख्य पियाउनेले योसेफको दयालाई बिर्सिए ।

योआशले यहोयादाको मार्गनिर्देशनलाई बिर्सिए ।

नाबालले दाऊदको सुरक्षा बिर्सिए ।

इस्राएलले गिदोनको छुटकारा बिर्सिए ।

नौ जना कुष्ठरोगीहरूले येशू ख्रीष्टको कृपा बिर्सिए ।

हामीले आफ्नो गल्तीहरूबाट सिकेका होऔं ।

हामी सम्झने मानिस बनौं ।

तपाईंको निम्ति बलिदान गर्ने अभिभावक सम्झौं ।

तपाईंलाई उत्साह दिने शिक्षक सम्झौं ।

तपाईंको साथमा खडा हुने मित्र सम्झौं ।

तपाईंको निम्ति प्रार्थना गर्ने परमेश्वरका सेवक सम्झौं ।

अनि सबैभन्दा माथि, हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई सम्झौं - हामीले अझै पापी छँदै हाम्रो निम्ति आफ्नो जीवन दिने, हामीलाई बिना शर्त प्रेम गर्नुहुने, तपाईं र मेरो निम्ति मर्ने र बौरिउठ्ने, अनि उहाँसँगै अनन्तसम्म जिउन हामीलाई फेरि लिन आउनुहुने ।

सबैभन्दा ठूलो खतरा बिर्सने मानिस मात्रै होइनन् ।

सबैभन्दा ठूलो खतरा परमेश्वरलाई बिर्सनु हो ।

परमेश्वरले हाम्रो जीवनको यात्रामा प्रयोग गर्नुभएको हरेक असल वरदान र हरेक विश्वासयोग्य हातलाई चिनेर कृतज्ञ हुने हृदयले हाम्रो जीवन सधैं चिनिन सकोस् ।

हरेक आशिष् बग्ने उहाँलाई हामीले कहिल्यै नबिर्सौं ।

हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् र उहाँका सबै उपकारहरू नबिर्स (भजनसंग्रह १०३:२) ।

******************

### सूचना

तपाईंको मोबाइलमा हाम्रा नम्बरहरू (+91) 98410 71858, (+91) 98412 71858 (मुख्य नम्बर) सेभ गर्नुहोला ।

**सम्पादक**

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th SEPTEMBER 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**